**निर्णय नं. १ :** आठराई त्रिवेणी गाउँपालिकाको आ.व. २०७६/०७७ का लागि पाँचौं गाउँसभामा गाउँपालिका अध्यक्ष श्री विश्वनाथ सिटौला ज्यूबाट प्रस्तुत गरिएको नीति तथा कार्यक्रमलाई संशोधन सहित सर्वसहमत पारित गरियो ।

# नीति तथा कार्यक्रमहरू

गाउँसभाका सदस्यज्यूहरु,

१. जननिर्वाचित सर्वोच्च थलो संविधानसभाबाट २०७२ आश्विन ३ गते जारी भएको नेपालको संविधान बमोजिम संधियताको कार्यन्वयनको क्रममा २०७४ आषाढ १४ गते सम्पन्न स्थानीय तहको निर्वाचनवाट गठन भएको यस पाँचौं तथा ऐतिहासिक गउँसभामा यस गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को निति तथा कार्यक्रम प्रस्तुत गर्न पाएकोमा मलाई हर्षको अनुभूति भएको छ ।

२. देशमा युगान्तकारी राजनितिक परिवर्तन भएको र सवै प्रकारका द्वन्दहरुको उदाहरणीयरुपमा व्यवस्थापन गर्दै लामो राजनितिक अस्थिरता, संक्रमणकाल र अन्यौलको गोलचक्रबाट मुलुकलाई जनताकै त्याग, तपस्या र बलिदानका साथै निर्णायक फैसलाबाट महान उपल्बधिहरुका साथ देश यो उचाइमा आइपुग्न सफल भएको यस ऐतिहासिक महत्वपुर्ण क्षण र अवसरमा सर्वप्रथम ज्ञात अज्ञात आदरणीय अमर शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै वेपत्ता परेका तथा परिएका सवैलाई स्मरण गर्न चाहन्छु । यस पालिकाका सबै अग्रज राजनितिक तथा सामाजिक व्यक्तित्वहरु प्रति हार्दिक श्रद्धाभाव प्रकट गर्न चाहन्छु।

३. जनताको त्याग, तपस्या, बलिदान र आन्दोलनका साथै यस भूभागप्रति माया गर्नुहुने सबै राजनितिक दल र सरकार तथा शुभेच्छुक अन्य सबैबाट यस गाउँपालिकालाई हालको संरचनामा रुपान्तरण गर्नु खेल्नु भएको भूमिकाको उच्च मुल्यांकन गर्दै यो ऐतिहासिक सफलताका निमित्त सबैप्रति आभार वयक्त गर्दछु।

४. नेपाली जनताले लामो समयसम्म परिवर्तनका निम्ति गरेका संघर्षबाट देश संघीयतामा गएको छ। नेपालको संविधानमा तीन तहको सरकार रहने व्यवस्था भए बमोजिम गठित स्थानीय तह र यसलाई दिईएको अधिकार बमोजिम, स्थानीय तहलाई हुर्काउने बढाउने र फलाउने जिम्मा जनप्रतिनिधिहरुको काँधमा आएको अवस्था छ । अहिले हामी स्थानीय तहको नयाँ संरचना अन्तर्गत नयाँ प्रयोगको अवस्थामा छौ, एउटा अभ्यासमा छौं । यस्तो गहन जिम्मेवारीलाई जटिल परिस्थितिको बाबजूद पनि सफल बनाएर जानुछ । स्थानीय तहलाई सफल, स्थिर र दीगो बनाई जनतालाई अधिकतम सेवा सुविधा र विकास दिनु छ । यी सम्पूर्ण कार्यको लागि हामीले हाम्रो आफ्नै आन्तरिक आम्दानीका स्रोतहरुको दायरालाई फराकिलो बनाउँदै समृद्ध र आत्मनिर्भर आठराई त्रिवेणी गाउंपालिका बनाउन हामी कोशिस गरीरहेका छौ यस कार्यमा तपाईहरुको निरन्तर साथ सहयोग र प्रतिबद्धता आवश्यक छ ।

५. आठराई त्रिवेणी गाउँपालिकाको चालु आ.व. २०७६/७७ को बजेट नीति प्रस्तुत गरिरहँदा आ.व. २०७५/०७६ मा भए गरेका कार्यहरुको समिक्षा गर्दै समृद्ध आठराई त्रिवेणी गाउँपालिका निर्माण गर्न नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको बजेट तथा कार्यक्रम दिग्दर्शन (२०७४), स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका (२०७४) र मन्त्रालयबाट भएका विभिन्न परिपत्र र

निर्देशनहरुलाई आधार मानिएको छ। यसका अतिरिक्त स्थानीय सामाजिक कार्यकर्ताहरु, शिक्षक तथा बुद्धिजीविहरुबाट प्राप्त अमूल्य सुझावहरुलाई सकभर मध्यनजर गर्ने प्रयास गरिएको छ। वडासमितिहरुबाट प्राप्त राय सल्लाहहरु र वडा समितिबाट माग गरिएका आयोजनाहरुलाई आधार बनाइएकोछ। गाउँपालिका बनिसके पछि गाउँपालिकाबासीको माग र आवश्यकताहरु धेरै रहेका छन्। तर हामीलाई प्राप्त सीमित स्रोतबाट एकैपटक सबैको सबै माग र आवश्यकतालाई सम्बोधन गर्न सकिदैन। धेरै क्षेत्रमा बजेट छरिएर जाँदा उपलब्धी त्यति नदेखिने, यसबाट लगानीको प्रतिफल समयमा प्राप्त गर्न नसकिने हुँदा विगतका अधुरा आयोजनाहरुलाई प्राथमिकता दिने साथै प्राप्त स्रोतहरुको अधिकतम परिचालन गर्दै त्यसबाट तत्काल सेवा प्राप्त गर्न सक्ने अवस्था सृजना गर्न मूख्य मूख्य आवश्यक्ताहरु पहिचान गरी ठूला ठूला आयोजनाहरु र पुरा गर्न सकिने खालका आयोजनाहरुलाई प्राथमिकता दिने नीति लिइएको छ। बजेट नीति बनाउँदा महिला ,बालबालिका, आदिवासी जनजाती, दलित तथा पिछडिएका समुदायलाई वडा तथा गाउँपालिकाबाट सम्बोधन गरिएको छ। यस पटकको कार्यक्रममा समावेश गर्न नसकिएका अति आवश्यक आयोजनाहरुलाई आगामी कार्यक्रममा समावेश गरिने साथै बिभिन्न निकायहरुसंग समन्वय गरी समाधान गर्ने व्यवस्था मिलाईने छ।

६. गाउँवासीको जीवनस्तरलाई माथि उकास्न समग्र नीति तथा कार्यक्रमहरु परिलक्षीत भएका छन्।

गाउँसभाका सदस्यज्यूहरु

**अव म क्षेत्रगतरुपमा आगामी आ.व.२०७६।०७७ का नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।**

## १. पूर्वाधार विकास सम्बन्धी नीति

**'हाम्रो विकास हाम्रो हात**
**सबै जुटौ एकै साथ'**

क) गाउँपालिकाको पूर्वाधार विकासका लागि गुरुयोजना निर्माण गरि पूर्वाधारहरुको निर्माण गरिनेछ।
ख) गाउँपालिकाकाक्रमागत योजनाहरुलाई निरन्तरता दिइनेछ।
ग) गाउँपालिकाका हरेक वडालाई जोड्ने आठराई त्रिवेणी मार्गको फुगुवा खोला निघुरादिन (वडा नं. १) देखी चाँगे (वडा नं. ५) मदन भण्डारी राजमार्ग बरभ्याङ, गुप्ते हुँदै तिरतिरे जोड्ने सडक लाई स्तरोन्नती गर्ने र आगामी वर्षहरुबाटपक्की बनाउँने कार्यको सुरुवात गरिनेछ।साथै गाउँपालिकाकोमाथिल्लो क्षेत्रका लागि निघुरादिन, फुगुवा खोला,जुकेटार डाँडाखर्क, लोभेक, पाभेक, सानोफेदी, कात्तिके, गोर्जा सडकलाई समेत प्राथमिकतामा राखी कार्य गरिनेछ।
घ) गाउँपालिकाको केन्द्र र सबै वडाका केन्द्रहरुलाई सडक सञ्जालल जोडिइ सकिएकोले उक्त सडकहरुमा बाह्रै महिना यातायात सुचारु हुने गरि स्तरोन्नत्ति कार्यलाई जोड दिइनेछ।
ङ) पूर्वाधार विकासमा अन्य सरकारी गैर सरकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँगसाझेदारी गर्ने नीति लिइनेछ।
च) निर्मित पूर्वाधार मर्मत संभार गर्नु पर्ने अवस्थामा गाउँपालिकाले खडा गरेको मर्मत संभारकोषबाट प्राथमिकताका आधारमा मर्मत गर्ने नीति लिइनेछ।
छ) सार्वजनिक परीक्षण अनिवार्य गरी सोको आधारमा भुक्तानी दिने नीति लिइने छ।
ज) स्थानीय श्रोत र साधनको अधिकतम प्रयोगलाई प्राथमिकता दिइनेछ।

झ) सडकको नयाँ ट्र्याक खोल्ने कार्यलाई भन्दा गन्तव्यसम्म नपुगेका सडकहरुलाई गन्तव्यसम्म पुऱ्याउने तथा पुराना सडकहरुलाई स्तरोन्नती/मर्मत गर्ने कार्यलाई जोड दिईनेछ ।
ञ) विद्यालय, संघ संस्था, समूह आदिका भवनहरु निर्माण गर्दा आधुनिक तथा बालमैत्री, अपाङ्गमैत्री बनाउने नीति लिईनेछ ।
ट) वातावरण मैत्रीनीति अवलम्बन गरी भौतिक पूर्वाधार निर्माणका कार्यहरुलाई वातावरण मैत्री बनाईनेछ ।
ठ) गाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुसम्म पुग्ने सडक निर्माण तथा स्तरोन्नतीमा जोड दिईनेछ ।
ड) महत्वपूर्ण सडक तथा संरचनाहरुको DPR तयार गरेर मात्र निर्माण कार्य अगाडि बढाइनेछ ।

## २. पर्यटन सम्बन्धी नीतिः

क) प्राकृतिक, भौगोलिक, सामाजिक, जातीय र साँस्कृतिक विविधताको कारण पर्यटन उद्योगको प्रचुर सम्भावना भएको यस गाउँपालिकामा पर्यटन व्यवसायमा प्रवर्द्धन गर्नका लागि गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
ख) एक वडा एक पर्यटकिय स्थल निर्माण गर्ने कार्यको सुरुवात गरिनेछ । वडा नं. १ को विगोत पोखरी, वडा नं. २ को मूलचोक पाथिभरा, वडा नं. ३ को चुँवाखोला भकारी दह, वडा नं. ४ को तारेभिर गोर्जाटार तथा वडा नं. ५ को माछापोखरीमा पर्यटन पूर्वाधार निर्माणकार्यको शुरुवात गरिनेछ ।
ग) गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरुको विस्तार र विकासको अतिरिक्त थप पर्यटकीय क्षेत्रको पहिचान एवं प्रचार प्रसार गरी पर्यटकहरुलाई आकर्षित गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
घ) धार्मिक ,सांस्कृतिक, प्राकृतिक पर्यटकीय स्थलहरुको संरक्षण गर्ने नीति लिईनेछ ।

## ३. कृषि तथा पशु सम्बन्धी नीतिः

**"जैविक मल र उन्नत वीउको उपहार**
**समृद्ध आठराई त्रिवेणीको आधार"**

क) एक गाउँ एक कृषि प्राबिधिकको नीति अवलम्बन गर्दै निर्वाहमुखी खेती प्रणालीलाई व्यवसायीकरण गर्दै लगिनेछ ।
ख) विशेषकृषिउत्पादन अन्तर्गत गाउँ र हावापानी सुहाउँदो बालीको पहिचान गरी उन्नत वीउ वितरण गरी युवालाई कृषितर्फ आकर्षीत गर्ने नीति लिईनेछ ।
ग) कृषिलाई बेरोजगारीको अन्त्य गर्ने मुख्य आधारको रुपमा विकास गरी जैविक खेती पर्वद्धनमा जोड दिई पूर्णरुपमा व्यवसायीकरण गर्दै लगिनेछ ।
घ) कृषिबाट उत्पादित अन्न तथा नगदेबालीहरुको बजार पहिचान गरी जनताको जीवनस्तर माथि उकास्न गाउँपालिकाका प्रत्येक वडामा निम्न ब्यवसायिक खेती विस्तार गर्न व्यवसायीहरुलाई प्रोत्साहित गरिनेछ :
निम्न
१. वडा नं १ मा कफी खेती विस्तार गर्न व्यवसायीहरुलाई प्रोत्साहित गरिनेछ ।
२.वडा नं २ मा सुन्तला, कागती तथा कफि खेती विस्तार गर्न व्यवसायीहरुलाई प्रोत्साहित गरिनेछ ।
३.वडा नं ३ मा अलैची, कफि तथा तरकारी खेती विस्तार गर्न व्यवसायीहरुलाई प्रोत्साहित गरिनेछ ।
४. वडा नं ४ मा किबि तथा अलैंची खेती विस्तार गर्न व्यवसायीहरुलाई प्रोत्साहित गरिनेछ ।

५.वडा नं ५ मा सुन्तला, कागती तथा कफि खेती विस्तार गर्न व्यवसायीहरुलाई प्रोत्साहित गरिनेछ।

ङ) बेमौसमी तरकारी उत्पादनका लागि टनेल,ग्रीनेट, वीउविजन वितरण र किटनासक औषधी वितरण गर्दै जैविक बिषादी निर्माण गरी कृषि पेशातर्फ आकर्षित गर्ने नीति लिईनेछ।

च) उन्नत जातका गाई वस्तु र बाखा उत्पादन गरी समान लगानी र परिश्रममा बढी आयआर्जन गर्नका लागि नश्ल सुधार गर्दै लगिनेछ।

छ) यस गाउँपालिका लाई मासु र अण्डामा पूर्णरुपमा आत्मनिर्भर बनाईने छ।

ज) रासायनिक मलको प्रयोगलाई न्यूनिकरण गर्दै प्राङ्गारीक मल तथा गड्यौले मल उत्पादन तथा प्रयोगमा जोड दिनका साथै भकारो सुधार कार्यक्रमलाई निरन्तरता दिईनेछ।

झ) गाउँपालिका भित्र रहेका खेतीयोग्य जमिनहरुलाई बाँझो नराख्न प्रोत्साहित गरिनेछ।

ञ) गाउँपालिका भित्र रहेका पशुपन्छीको स्वास्थ्य अवस्था कायम गर्न तथा पशु पन्छीबाट मानव जीवनमा असर पार्न सक्ने बिभिन्न रोगहरु बाट वच्न पशु स्वस्थ्य शिविर तथा एन्टि रेविज भ्याक्सीन कार्यक्रम सञ्चालन गरिने छ।

**४. शिक्षा सम्बन्धी नीतिः**

**"गुणस्तरीय शिक्षा र रोजगार**
**सम्वृद्ध गाउँ निर्माणको आधार"**

क) शैक्षिक क्षेत्रलाई राजनैतिक हस्तक्षेप मुक्त गराईनेछ। गाउँपालिकाका सम्पूर्ण विद्यालयहरुलाई शान्ति क्षेत्र बनाईनेछ।

ख) प्राविधिक शिक्षा मार्फत दक्ष जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षालय स्थापनार्थ प्रकृया अघि बढाईने छ।

ग) गाउँपालिका क्षेत्रभित्र हाल सञ्चालित विद्यालयहरुको भौतिक तथा उपलब्ध जनशक्तिको अवस्था हेरी स्नातक तहको कक्षा सञ्चालन गर्न आवश्यक पहल गरिनेछ।

घ) गाउँपालिका भित्रका विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न नियमित अनुगमन र सुपरीवेक्षण कार्यलाई प्रभावकारी बनाईने छ।

ङ) सामुदायिक विद्यालयतर्फबाट SEE परीक्षामा सर्वोत्कृष्ट अंक प्राप्त गर्ने एक छात्रा र एक छात्रलाई वार्षिक रुपमा पुरस्कार मार्फत सम्मान गरिनेछ। साथै गाउँपालिकास्तरीय आधारभूत तह उत्तीर्ण परीक्षामा सर्वोकृष्ट विद्यार्थीलाई समेत पुरस्कृत गरिनेछ।

च) विद्यालय कार्यसम्पादन निर्देशिकामा उल्लेखित सूचकहरुका आधारमा विद्यालय तथा शिक्षकहरुको कार्यसम्पादनको मुल्याङ्कन गरी विद्यालय तथा शिक्षकहरुलाई प्रोत्साहन र दण्डकोव्यवस्था गरिनेछ।

छ) सुचना प्रविधिमैत्री अध्यापन कार्यलाई प्रोत्साहन गर्न आवश्यक पूर्वाधारको व्यवस्था गरिनेछ।

ज) शिक्षकहरुको क्षमता अभिवृद्धि तथा पुनतार्जकीका निमित्त बिषयगत रुपमा शिक्षक तालिमको व्यवस्था गरि परम्परागत शिक्षण बिधिलाई निरुत्साहित गर्दै आधुनिक प्रबिधि मैत्रीउपचारात्मक शिक्षण बिधि लाई प्रोत्साहित गरिनेछ।

झ) बिद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा शिक्षक अभिभावक संघको अध्यक्षलाई आवश्यकता अनुसार ब्यवस्थापन सम्बन्धि तालिम गराई बिद्यालयको नियमित पठनपाठनको अनुगमन तथा सुपरिवेक्षणक गर्ने ब्यवस्था मिलाइने छ।

ञ) प्राविधिक जनशक्तिको भावि आवश्यकतालाई पूर्ति गर्न प्राबिधिक शिक्षा अध्ययन गर्न इच्छुक गाउँपालिका भित्रका गरिव तथा जेहेन्दार बिद्यार्थीलाई छात्रवृतिको ब्यवस्था गरी अध्ययन गर्ने वातावरण मिलाइने छ।

ट) हरेक बिद्यालयमा शिक्षक , बिद्यार्थी र अभिभावक बिचको अर्न्तकृयालाई नियमित गरिने छ ।

ठ) सामूदायिक बिद्यालयका बालबालिकालाई नियमित रुपमा बिद्यालय आउने तथा बालबालिकालाई समयसम्म बिद्यालयमा रहिरहने वातावरण मिलाउन बाल कक्षा लाई खाजा कार्यक्रमको ब्यवस्था मिलाईने छ ।

ड) गाउँपालिकामा रहेका सम्पूर्ण बिद्यालयका कक्षा १-९ को वार्षिक परीक्षामा एकरुपता कायम गर्न गाउँपालिका स्तरीय परीक्षा संञ्चालन गरिने छ ।

ढ) शिक्षकहरुलाई आफ्नो पेशा प्रति उत्तरदायी बनाई सिकाई उपलब्धीमा वृद्धि गर्न आफूले अध्यापन गर्ने बिषयमा सिकाई उपलब्धि कम भएमा शिक्षकले विद्यार्थीबाट कुनै शुल्क नलिई सुधारात्मक कक्षा १०-४ भन्दा अन्य समयमा सञ्चालन गर्नु पर्ने ब्यवस्था मिलाइने छ ।

**५. स्वास्थ्य तथा सरसफाइ सम्बन्धी नीतिः**

**"आठराई त्रिवेणीको एउटै नारा**
**स्वस्थ्य रहुन् गाउँले सारा"**

क) गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त गाउँपालिका बनाउन विशेष टोलि बनाई सरसफाई अभियान सञ्चालन गरिनेछ ।

ख) सबै वडाहरु पूर्ण खोपयुक्त वडा घोषणा भई सकेकाले उक्त कार्यक्रमको दिगोपनाका लागि आवश्यकव्यवस्था मिलाईनेछ ।

ग) गाउँपालिकाभित्रका स्वास्थ्य चौकीहरुलाई सुविधा सम्पन्न बनाउँदै लगिनेछ ।

घ) एक वडा एक स्वास्थ्य संस्था स्थापनार्थ विशेष पहल गरिनेछ ।

ङ) गाउँपालिका भित्रका दीर्घरोगी, नसर्ने रोगबाट पीडित जनतालाई औषधी उपचारमा सहयोग गरिनेछ ।

च) घरभित्रको धुवाँ रहित गाउँपालिका निर्माण गर्न अभियानहरु सञ्चालन गरिनेछ ।

छ) सरुवा रोगहरुको नियन्त्रण गर्नका लागि कार्यक्रमहरु बनाईनेछ ।

ज) दाँत,छाला तथा आँखा सम्बन्धि रोगहरुको स्वास्थ्य जाँचका लागी गाउँपालिकामा स्वस्थ्य शिविर सञ्चालन गरिने छ ।

झ) गाउँपालिका भित्रका कडा रोग लागेका बिपन्न परिवारलाई विपन्न नागरिक सहायता स्वरुप रु १५,००० सम्म सहयोग प्रदान गरिने छ ।

ञ) गाउँपालिका भित्रका गर्भवती महिलाहरुलाई नियमित स्वस्थ्य जाँच गर्न प्रोत्साहित गरिने छ ।

ट) गाउँपालिका भित्रका सम्पूर्ण स्वयं सेविका हरुलाई विशेष प्रोत्साहनको ब्यवस्था गरिने छ ।

ठ) गाउँपालिका भित्रका सम्पूर्ण सुत्केरी महिलाकाहरुका लागि'**सुत्केरी आमा, पोषिलो खाना**' कार्यक्रम संञ्चालन गरिने छ ।

**६. सूचना तथा सञ्चार सम्बन्धिी नीतिः**

क) गाउँपालिका र पाँच वटै वडा कार्यालयहरुमा सूचना र प्रविधिको महत्वलाई आत्मसाथ गर्दै इन्टरनेट जडान गरिनेछ ।

ख) वडा मार्फत प्रवाह हुने सेवा कम्प्युटरीकृत प्रणाली मार्फत दिनका लागि कर्मचारीहरुको क्षमता विकास गरी कामको सुरुवात गरिनेछ ।

**७.खानेपानी सम्बन्धी नीति :**

**"घरघरमा धारा, स्वच्छ पानी पिउँछन् सारा"**

क) स्वच्छ तथा स्वस्थ खानेपानीमा सबैको पहुँच स्थापित गर्न खानेपानी सम्बन्धी आयोजनाहरु सञ्चालन गरिनेछ ।

ख) खानेपानीको मुहान संरक्षणलाई उच्च प्राथमिकता दिइनेछ ।

ग) एक घर एक धाराको नीतिलाई प्रोत्साहन गरिनेछ ।

घ) संचालित खानेपानीहरुलाई व्यवस्थीत गर्न नयाँ नीति लिईनेछ ।

**८. प्राकृतिक श्रोत उपयोग सम्बन्धी नीतिः**

**८.१ वनसम्बन्धी नीति**

क) सामुदायिक वन समूह तथा निजी वन व्यवसायी मार्फत विरुवा उत्पादनमा अनुदानको व्यवस्था गर्दै लगिनेछ ।

ख) खाली क्षेत्रमा वृक्षारोपण कार्यलाई प्रोत्साहित गरिनेछ ।

ग) गाउँपालिकाभित्र नर्सरीको व्यवस्थापन गर्न वन कार्यालयसँग समन्वय गर्दै अगामी दिनमा कार्यक्रमहरु तय गरिनेछ ।

**८.२ जल तथा उर्जासम्बन्धी नीति**

क) पानीका मुहानहरुको संरक्षण कार्यलाई जोड दिईनेछ ।

ख) विद्युत उत्पादन क्षेत्र पहिचान गरि सरकारी तथा गैर सरकारी क्षेत्रसँग साझेदारी कार्यक्रम सञ्चालनगरीगाउँपालिकालाई उर्जा क्षेत्रमा आत्म निर्भर बनाइने नीति लिइनेछ ।

ग) उज्यालो गाउँपालिका निर्माणका लागि सबै वडाहरुलाई केन्द्रीय प्रशारण लाईन जोड्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**९. विपद् व्यवस्थापन सम्बन्धी नीतिः**

क) गाउँपालिकामा हुन सक्ने सम्भावित प्राकृतिक वा गैर प्राकृतिक कारणबाट उत्पन्न विपद्बाटहुने जनधनको क्षती न्यूनीकरण गर्न गाउँपालिका र प्रत्येक वडाहरुमा विपद् व्यवस्थापन समितिको गठन गरी परिचालन गरिनेछ ।

ख) गाउँपालिका भित्र हुने विपद्बाट पीडित स्थानीय गाउँबासीहरुलाई राहत तथा उद्धार गर्नका लागि गाउँपालिकामा एक विपद् व्यवस्थापन कोष खडा गरिएकोछ ।

**१०. उद्योग सम्बन्धी नीति :**

क) गरिबी न्यूनीकरणकका लागि लघु उद्यमहरुको स्थापना र विस्तारगरी रोजगारी सृजना गर्ने कार्यक्रमहरुको अवलम्बन गरिनेछ ।

ख) गाउँपालिका भित्र सञ्चालित उद्योग तथा व्यवसायको दर्ता गरी व्यवस्थित गरिनेछ ।

ग) गाउँपालिका भित्र सञ्चालित उद्योगी तथा व्यवसायीहरुले स्थानिय कच्चा पदार्थको उपयोग गरी कम्तीमा १० जनालाई नियमित रोजगारी दिने साना उद्योगलाई रु ५०,०००।- सम्म प्रोत्साहन गरिने छ ।

**११. सामाजिक परिचालन सम्बन्धीनीति :**

क) सामाजिक परिचालनको माध्यमबाट स्थानीयवासीहरुको विकासमा पहुँच पुऱ्याउन क्षमता अभिवृद्धि

गर्ने उद्देश्य अनुरुप सञ्चालन भएका सामाजिक परिचालन सम्बन्धी कार्यक्रमहरुलाई निरन्तरता दिँदै लगिनेछ ।

**१२. राजश्व सम्बन्धीनीतिः**

**"हाम्रो गौरव हाम्रो कर, गाउँ विकासमा दिगो भर"**

क) गाउँपालिकालाई सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ साथै संकलित राजश्वलाई गाउँपालिकाको विकासमा खर्च गरिनेछ ।

ख) एकिकृत सम्पत्ति कर लगायतको कर शुल्क तोकिएको समय भित्र नै तिर्न प्रोत्साहन गरिनेछ ।साथै सेवाग्राहीहरुले सेवा लिन आउँदा राजश्व तिरेको रसिद  अनिवार्य पेश गर्नु पर्ने नीति लिइनेछ ।

**१३. भू- संरक्षण सम्बन्धी नीति :**

क) मुहान संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

ख) सडक पाखा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

ग) एकीकृत जलाधार व्यवस्थापन कार्ययोजना कार्यान्वयन गर्दै लगिनेछ ।

**१४. खेलकुद सम्बन्धी नीतिः**

क) स्थानीय क्लब तथा विद्यालयहरु मार्फत खेलकुद कार्यक्रम सञ्चालन तथा प्रर्वद्धन गर्न प्रोत्साहन गरिनेछ ।

ख) गाउँपालिकामा अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको खेलमैदान निर्माण गर्न विशेष पहल गरिनेछ ।

ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरुको उत्पादन गर्नका लागि विशेष नीति अवलम्वन गरी युवालाई तालिमको ब्यवस्था गरिनेछ ।

घ) बिभिन्न खेलहरुको बिकास गर्न बिधागत प्रशिक्षणको लागी प्रशिक्षकहरुको ब्यवस्था गरी प्रत्येक वडा स्तर तथा बिद्यालयहरु मार्फत समन्वय गरी खेलाडी उत्पादनमा जोड दिइने छ ।

ङ) बिभिन्न खेलहरु खेल्नका लागी अनिवार्य आवश्यक पर्ने ड्रेस ब्यवस्थापनका लागि स्थानिय क्लब तथा बिद्यालयहरु संग समन्वय गरी ड्रेस ब्यवस्थापन गर्न आवश्यक पहल गरिने छ ।

च) गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गरी पालिका स्तरीय खेल खेलाइ खेलाडिहरु छनौट गरिनेछ ।

**१५. सुशासन सम्बन्धी नीति :**

क) गाउँपालिकाको कृयाकलापलाई पारदर्शी, जवाफदेही र मितव्ययी बनाउन सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, अनुगमन तथा सुपरीवेक्षण जस्ता विधि तथा प्रकृया अवलम्बन गरिनेछ ।

ख) वित्तीय कारोबारको लेखा राख्ने कार्यको कम्प्युटरीकृत प्रणालीको सुरुवात गरिनेछ ।

**१६. लक्षित वर्ग  सम्बन्धी नीति ( महिला, बालबालिका, अपाङ्ग, दलित, जेष्ठ नागरिक, आदिवासी जनजाति, युवा) :**

**"गाउँका महिला, विकासमा पहिला"**

क) लक्षित बर्गको क्षमता विकासका लागि तालिम, गोष्ठी तथा सचेतनामूलक कार्यक्रमहरुको आयोजना गरिनेछ ।

ख) विभिन्न जात जातिका धर्म संस्कृती र परम्परा संरक्षणका लागि गाउँपालिका र वडा स्तरीय कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ग) महिला, आदिवासीजनजाति, दलित, जेष्ठ नागरिक , अपाङ्ग तथा अल्पसंख्यक जातजातिको विकासका बिशेष कार्यक्रमहरु गर्दै जाने नीति लिईनेछ ।

घ) हरेक विद्यालयहरुमा बालमैत्री धारा र बालमैत्री खेलमैदानको निर्माण गर्न अभियान सञ्चालन गरिनेछ ।

ङ) जेष्ठनागरिक हरुको सम्मानका लागि विशेष कार्यक्रमहरु ल्याइनेछ ।

च) लक्षित वर्गका समूदायहरुको जीवन स्तर उकास्नकालागि सीपमूलक तालिमको व्यवस्था मिलाउने नीति लिइनेछ ।

छ) युवाहरुलाई सीप सिकाई रोजगारीको सृजना गर्न युवा लक्षित बिशेष कार्यक्रमहरु ल्याईनेछ ।

ज) महिलाहरुको क्षमता बिकास तथा ब्यवसायिक तालिमकालागी आवश्यक कार्यक्रमहरु संञ्चालन गरिने छ ।

झ) दीर्घ जेष्ठ नागरिक हरुलाई औषधी उपचारमा सहयोग गरिनेछ ।

**१७. गरिवी न्यूनिकरण सम्बन्धी नीति :**

क) गाउँपालिका भित्रका विपन्न सुकुम्बासीलाई आवासका लागि जग्गा व्यवस्थापन गर्न निःशुल्क जग्गादाताको खोजिगरिने छ ।

ख) गाउँपालिका भित्रका विपन्न तथा दलित परिवारहरुको फुसको घरलाई टिनको छानाको व्यवस्था गरिंदै लगिनेछ ।

ग) बिपन्नलाई सम्पन्न वनाउन सहयोग गर्ने तथा अनाथ टुहुरा वालबालिकालाई पालन पोषण गर्ने ब्यक्ति, संघ सस्थालाई सम्मान गरिने छ ।

**१७. धर्म ,सस्कृति तथा पराम्परा सम्बन्धी नीति :**

क) हिन्दु, बौद्ध, किराँत लगायत सम्पूर्ण धर्मावलम्बीहरुको मठ, मन्दिर, गुम्बा, माङ्हीमहरुको निर्माण तथा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

ख) लोपोन्मुख कला संस्कृतिको खोज गरी जगेर्ना गरिने छ ।

**१८. न्याय सम्पादन सम्बन्धी नीति :**

**"गरौ मिलाप, नगरौ विलाप "**

क) हरेक वडामा मेलमिलापकर्ता उत्पादन गर्दै मेलमिलाप केन्द्र स्थापना गरिनेछ ।

ख) न्यायिक समितिमा परेका विवादहरुलाई तत्काल निराकरण गर्न न्यायिक समितिका पदाधिकारीहरुकोक्षमता विकास गरिनेछ ।

अन्त्यमा असल निति र कार्यक्रमको परिणाम त्यसको सफल कार्यान्वयनबाट देखीने भएकोले निति तथा कार्यक्रमको कार्यान्वयनमा सम्वन्धित सवैको सकृय भुमिका र सहयोगको अपेक्षा गरेको छु । यस निति तथा कार्यक्रम तर्जुमामा सहयोग गर्नुहुने सभाका सम्पुर्ण सदस्यज्यूहरु, राजनितिक दलका पदाधिकारीज्यूहरु सामाजिक सघं संस्थाहरु, सम्पूर्ण सरोकारबालाहरु तथा अहोरात्र खट्ने सम्पूर्ण कर्मचारीहरुमा हार्दिक आभार व्यक्त गर्दछु। धन्यावाद !

**निर्णय नं. २** : आठराई त्रिवेणी गाउँपालिकाको आ.व. २०७६/०७७ का लागि बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक तथा यस गाउँपालिकाका उपाध्यक्ष श्री मञ्जु पौड्याल भट्टराईबाट प्रस्तुत गरिएको बजेट तथा कार्यक्रमलाई पारित गर्ने निर्णय सर्वसहमत गरियो ।

# बजेट तथा कार्यक्रमहरू

**गाउँसभाका सदस्यहरु,**

यस आठराई त्रिवेणी गाउँपालिकाको समुन्नत विकासका लागि गाउँपालिकाको आन्तरिक श्रोत, श्रोत बाँडफाँडबाट प्राप्त हुने रकम, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, गत आ.व.बाट प्राप्त मौजुदा रकम, संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण तथा सशर्त अनुदान समेतका आधारमा यसै आर्थिक वर्ष २०७६/०७७ मा सञ्चालनहुने कार्यक्रमहरु तयार गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तानान्तरण सम्बन्धी निर्देशिका, २०७४ को अधीनमा रही संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदान,राजश्व बाँडफाँड, सशर्त अनुदान, गाउँपालिकाले प्राप्त गर्ने श्रोत बाँडफाँडबाट प्राप्त हुने अनुमानित रकम, आन्तरिक श्रोतको अनुमानित रकम, संघीयता सबलीकरण अन्तर्गतको गत आ.व.बाट अल्या भइ आएको वित्तीय हस्तान्तरण शीर्षकको रकम समेतलाई आधार बनाइ बजेट तयार पारिएको छ ।

अब म संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन र बजेटको अधिनमा रहेर यो पाँचौं गाउँसभा मार्फत ३२,४५,३०,०००।- (बत्तिस करोड पैंतालिस लाख तीस हजार रुपैयाँ मात्र ।) बजेटको संक्षेपीकरण प्रस्तुत गर्दैछु ।

**वित्तीय समानीकरण अनुदान :**

वित्तीय समानीकरण अनुदान निशर्त प्रकृतिको अनुदान भएको र यस शीर्षक अन्तर्गत संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त सम्पूर्ण अनुदानलाई भौतिक पूर्वाधार तथा अन्य कार्यक्रम खर्च तर्फका कार्यहरुका लागि तथा वडाका योजनाहरु कार्यान्वयन गर्न विनियोजन गरिएको छ । यस शीर्षक अन्तर्गत संघीय सरकारबाट रु. १०,१२,००,०००।- (दश करोड बाह्र लाख मात्र ।) तथा प्रदेश सरकारबाट प्राप्त रु. ६९,९७,०००।- (उनान्सत्तरी लाख सन्तानब्बे हजार मात्र ।) गरी कूल रु. १०,८१,९७,०००।- (दश करोड एकासी लाख सन्तानब्बे हजार मात्र ।) को बजेट विनियोजन गरिएको छ ।

**राजश्व बाँडफाँडबाट प्राप्त अनुदान :**

यस शीर्षक अन्तर्गत संघीय सरकारको राजश्व बाँडफाँडबाट प्राप्त अनुदान रु. ५,२४,००,०००।- (पाँच करोड चौबिस लाख मात्र ।) कार्यालयको चालु खर्च र कार्यक्रम खर्च तर्फ विनियोजन गर्ने गरी बजेट विनियोजन गरिएको छ । साथै प्रदेश सरकारको सवारीकर बाँडफाँडबाट प्राप्त अनुदान रु. २५,३३,०००।- (पच्चिस लाख तेत्तिस हजार मात्र ।) लाई कार्यक्रम खर्चमा खर्च गर्ने गरी बजेट विनियोजन गरिएको छ ।

**श्रोत बाँडफाँडबाट प्राप्त अनुदान :**

यस शीर्षक अन्तर्गत प्राप्त सम्पूर्ण अनुदान रु. ३,००,०००।- (तीन लाख मात्र ।) लाई न्यायिक समितिको सचिवालय व्यवस्थापन गर्ने गरी बजेट प्रस्ताव गरिएको छ ।

**आन्तरिक आय (अनुमानित) :**

यस शीर्षक अन्तर्गत अनुमानित गरिएको रु. १५,००,०००।- (पन्ध्र लाख मात्र ।) लाई गाउँपालिकाको पुँजिगत खर्च तर्फ बजेट विनियोजन गरिएको छ ।

यस आठराई त्रिवेणी गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रमहरु तर्फ सशर्त, वित्तीय समानीकरण, राजश्व बाँडफाँड, सवारीकर बाँडफाँड, स्रोत बाँडफाँड, गत बर्षको नगद मौज्दात लगायत शिर्षकहरुबाट आ. व. २०७६/७७ का लागि तपशील बमोजिमका क्षेत्रहरुमा तपशिल बमोजिमको बजेट विनियोजन गरिएको छ ।

**कृषि/पशु कार्यक्रम :**

गाउँपालिकाका अधिकांश जनताहरु कृषि पेशामा संलग्न छन् । निर्वाहमुखी कृषि प्रणालीबाट व्यवसायिक बनाउन कृषि क्षेत्रलाई उच्च प्राथमिकता दिंदै रसायनिक मलको न्यूनीकरण गर्न प्राङ्गारिक तथा गड्यौले मल उत्पादन गर्न, उन्नत जातका बीउबिजन बितरण, कृषि प्रसार लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ । दूध, माछा, मासु, अण्डा जस्ता दैनिक उपभोग्य पशुजन्य खाद्य पदार्थहरुको बजार माग बढी रहेको अवस्थामा सो को आपूर्तिलाई बढावा दिन पशु सेवा विकास कार्यक्रम, पशु स्वास्थ्य, रोग अन्वेषण र क्वारेन्टाइन, पशुसेवा प्रसार कार्यक्रम र पशुपंक्षी बजार प्रबर्धन कार्यक्रमको कार्यान्वयनको लागि बजेट विनियोजन गरिएको छ । स्थानीय स्तरमा हुन सक्ने सम्भावित कृषि/पशु जन्य उत्पादनलाई प्रवर्द्धन गर्न वडागत रुपमा तथा गाउँपालिका स्तरबाट समेत कार्यान्वयन हुने गरी बजेटको व्यवस्था गरिएको छ, जसका लागि रु. ३९,००,०००।- (उनान्चालिस लाख मात्र ।) बजेटको विनियोजन गरिएको छ ।

**शिक्षा सम्बन्धी कार्यक्रम :**

यस गाउँपालिकाभित्र देखिएको खस्कँदो शैक्षिक गुणस्तरलाई उकास्न आई सी टी सहितको शैक्षिक सूचना केन्द्रको स्थापना, विद्यालय क्षेत्रको विकास कार्यक्रमहरु सञ्चालन गर्न, गाउँपालिका स्तरीय बार्षिक परीक्षा सञ्चालन गर्न, खेलमैदानको मर्मत तथा विस्तार गर्न लगायत विद्यालयको भौतिक पूर्वाधार निर्माण तथा कार्यालय व्यवस्थापन समेतकालागि संघीय सरकारबाट तोकी आएको सशर्त अनुदान बाहेक रु. १,११,१५,०००।- को बजेट विनियोजन गरिएको छ ।

**स्वास्थ्य सम्बन्धी कार्यक्रम** :

स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य शिक्षा सामाग्री वितरण, विद्यालय स्वास्थ्य प्रवर्द्धन तथा शिक्षा कार्यक्रम, समुदायमा स्वास्थ्य सेवा प्रवर्द्धन गर्ने, औषधी खरिद गर्ने, प्रसुति सेवा कार्यक्रम, परिवार नियोजन सम्बन्धी कार्यक्रम , सुरक्षित मातृत्व, गाउँघर क्लिनिक, आमा सुरक्षा, ल्याव सञ्चालन लगायतका कार्यक्रमका लागि संघीय सरकारबाट तोकी आएको सशर्त अनुदानबाट व्यवस्था गरिएको छ । स्वास्थ्य क्षेत्रको **सुत्केरी आमा पोषिलो खाना** लगायत अन्य कार्यक्रमलाई समेत सम्बोधन गर्नका लागि सशर्त अनुदान बाहेक रु.५०,००,०००।- (पचास लाख रुपैयाँ मात्र ।) बजेट विनियोजन गरिएको छ ।

**ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम** :

गाउँपालिकामा खानेपानीको पहुँचबाट टाढा रहेका जनतालाई खानेपानीको सेवा उपलब्ध गराउनका साथै एक घर एक धारा निर्माण गर्ने गाउँपालिकाको नीति बमोजिम यस कार्यक्रम अन्तर्गत रु. ३,५०,०००।- (तीन लाख पचास हजार मात्र ।) बजेट विनियोजन गरिएको छ ।

**संस्कृति तथा पर्यटन प्रबर्द्धन कार्यक्रम** :

आदिबासी जनजातिका भवन निर्माण संस्कृती झल्कने सामग्री खरिद, क्षमता विकास कार्यक्रमलाई विशेष प्राथमिकता दिईएको छ । मठ मन्दिर गुम्बाहरुलाई प्रवर्द्धन गरी पर्यटकीय स्थलहरुको विकासका लागि समेत बजेट विनियोजन गरिएको छ, जसकालागि समग्रमा रु. ४९,००,०००।- (उनान्चास लाख मात्र ।) बजेट रकम विनियोजन गरिएको छ ।

**युवा तथा खेलकुद कार्यक्रम** :

खेलकुदको माध्यमबाट गाउँपालिकालाई परिचित गराउन तथा खेल प्रतिभालाई प्रस्फुटन गराउने उद्देश्यले खेलमैदान निर्माण, खेलकुद प्रशिक्षण लगायत खेलकुद क्षेत्रको समग्र विकासका लागि रु.५४,००,०००।- (चवन्न लाख मात्र ।) बजेट रकम विनियोजन गरिएको छ ।

**लैंगिक समानता तथा समावेशीकरण कार्यक्रम :**

यस शीर्षक अन्तर्गत लैंगिक समानता तथा पछाडि परेका बर्गहरुलाई बिभिन्न गोष्ठी, सेमिनार तथा चेतनामूलक कार्यक्रम सञ्चालन गरी चेतनाको स्तर बृद्धि गर्न रु. ३०,००,०००।- **(तीस लाख मात्र ।)** बजेट रकम विनियोजन गरिएको छ ।

**स्थानीय सडक तथा पुल सम्बन्धी कार्यक्रम :**

गाउँपालिकाका हरेक वडालाई जोड्ने गरी फुगुवा खोला निघुरादिन (वडा नं. १) देखी चाँगे (वडा नं. ५) मदन भण्डारी राजमार्ग बरझ्याङ, गुप्ते, सरदारगाउँ, तिरतिरे जोड्ने गाउँपालिकाको गौरवको सडक आठराई त्रिवेणी मार्गको स्तरोन्नत्ति तथा नयाँ ट्रयाक ओपन कार्यक्रमलाई निरन्तरता दिन आ.व. २०७६/०७७ का लागि समेत रु. १,३२,००,०००।-( एक करोड बत्तिस लाख मात्र ।) रकम बिनियोजन गरिएको छ । साथै समग्र यातायात पूर्वाधारको विकासमा सडकहरुको निर्माण तथा स्तरोन्नतिका लागि रु. ५,००,७०,०००।- (पाँच करोड सत्तरी हजार मात्र ।) रकम विनियोजन गरिएको छ । साथै क्रमागत आयोजनाहरुलाई समेत निरन्तरता दिईएको छ ।

**संचाई विकास कार्यक्रम :**

नगदे तथा खाद्यन्न बालीको लागि उचित सिंचाईको प्रबन्ध हुन नसकेकोले सिंचाई तर्फ कृषकहरुमा तत्काल यो सुविधा उपलब्ध गराउने उद्देश्यका साथ सिंचाई कार्यक्रमका लागि रु.२४,३०,०००।- ( चौबिस लाख तीस हजार मात्र ।) रकम विनियोजन गरिएको छ ।

**भवन तथा सहरी विकास कार्यक्रम :**

गाउँपालिकाभित्र रहेका वडा कार्यालय, स्वास्थ्य चौकी तथा प्रहरी चौकीका भवन कतै जीर्ण भएको त कतै हुँदै नभएको अवस्थामा जनताका दैनिक सेवाका कामहरु प्रभावित नहोउन् भन्नका लागि आवश्यकता अनुसार भवन मर्मत, निर्माण तथा व्यवस्थापन गर्ने गरी बजेट विनियोजन गरिएको छ ।

जसका लागि २,९४,५०,०००।- (दुई करोड चौरानब्बे लाख पचास हजार मात्र ।) बजेट विनियोजन गरिएको छ ।

**उर्जा, लघु तथा साना जलविद्युत् सम्बन्धी कार्यक्रम :**

उज्यालो गाउँपालिका निर्माणका लागि हरेक वडामा केन्द्रीय प्रसारण लाइन जडान गर्ने तथा संचालित लघु जलविद्युतहरुको मर्मत संभारका लागि रु. ३०,००,०००।- (तीस लाख मात्र ।) रकम बिनियोजन गरिएको छ ।

**वन तथा भू संरक्षण सम्बन्धी कार्यक्रम :**

यस कार्यक्रम अन्तर्गत बन क्षेत्रको विकासका लागि नर्सरी स्थापना लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ, जसका लागि १,००,०००।- (एक लाख मात्र ।)को बजेट पारित गरिएको छ ।

**खेलमैदान निर्माण सम्बन्धि कार्यक्रम :**

यस कार्यक्रम अन्तर्गत एक वडा एक खेलमैदान निर्माणको अभियानलाई निरन्तरता दिन तथा पुराना खेलमैदान विस्तार लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ, जसका लागि ५५,००,०००।- को बजेट पारित गरिएको छ ।

**गैह्र सरकारी संस्थाका कार्यक्रमहरु :**

यस गाउँपालिकाको विकासमा साझेदारी गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुलाई आह्वान गर्दै त्यस्ता संघ संस्थाहरुले यस गाउँपालिका क्षेत्र भित्र कार्य गर्न चाहेमा अनुमति दिने व्यवस्था मिलाईएको छ ।

**कन्टन्जेन्सी सम्बन्धी व्यवस्था:**

गाउँपालिकाबाट छनौट गरिएका योजनाहरुलाई व्यवस्थित र दिगो रुपमा सञ्चालन गर्न विनियोजित पुँजिगत योजनाबाट एकमुष्ठा २.५% सम्म रकम कट्टी गरी सो को कार्यक्रम बनाई खर्च गरिनेछ ।

**सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्रका कार्यक्रमहरु :**

यस क्षेत्र अन्तर्गत प्रहरी चौकी व्यवस्थापन, वडा कार्यालय, विद्यालयहरुको कार्यालय व्यवस्थापन लगायत क्षेत्रमा खर्च गर्ने गरि रु. ३,५०,०००।- (तीन लाख पचास हजार मात्र ।) रकम विनियोजन गरिएको छ ।

**गाउँपालिकाको विशेष कोष सम्बन्धी कार्यक्रम :**

गाउँपालिकामा हुन सक्ने सम्भावित प्रकोप र त्यसबाट छुटकारा दिने तथा राहत वितरण समेतका लागि गाउँपालिकामा स्थापना भएको विपद् व्यवस्थापनकोषमा आ.व. २०७६/०७७ का लागि रु. ५,००,०००।- (पाँच लाख मात्र ।) रकम विनियोजन गरिएको छ । साझेदारी कार्यक्रमहरु सञ्चालन गर्न रु. ७५,००,०००।- (पचहत्तर लाख मात्र ।) को समपूरक कोष (म्याचिङ फण्ड) स्थापना गरिएको छ । त्यसै गरी गाउँपालिका भित्रका भौतिक पूर्वाधारहरु मर्मत गर्न मर्मत संभार कोषको रुपमा रु. १५,००,०००।- (पन्ध्र लाख मात्र ।) को कोष स्थापना गरिएको छ । स्थानीय तहमा कार्यरत कर्मचारीहरुको निवृत्तिभरण

सुविधाका लागि कर्मचारी कल्याण कोषमा रु. ९,५०,०००।- (नौ लाख पचास हजार मात्र ।) रकम जम्मा गर्ने गरी रकम विनियोजन गरिएको छ ।

अब म, यस गाउँपालिकाको आ.व. २०७६/०७७ का लागि यस पाँचौ गाउँसभामा प्रस्तुत गरिएको कुल बजेटको संक्षिप्त आय व्यय प्रस्तुत गर्न चाहान्छु ।

## आम्दानी प्रक्षेपण

| क्र सं | विवरण | रकम |
|---|---|---|
| १ | संघीय सरकारबाट वितिय समानीकरण अनुदान | 10,12,00,000.00 |
| २ | राजश्व बाडफाँड (संघीय सरकारबाट) | 5,24,00,000.00 |
| ३ | प्रदेश सरकारबाट प्राप्त बितीय समानीकरण अनुदान | 69,97,000.00 |
| ४ | आन्तरिक आयको अनुमान | 1,500,000.00 |
| ५ | सवारीसाधन करको बाँडफाँड | 25,33,000.00 |
| ६ | स्रोत बाँडफाँडबाट प्राप्त | 3,00,000.00 |
| ७ | गतको अल्या | 1,500,000.00 |
| ८ | संघीय सरकारबाट प्राप्त ससर्त अनुदान | 14,31,00,000.00 |
| ९ | प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान | 1,50,00,000.00 |
| जम्मा आम्दानी प्रक्षेपण | | 32,45,30,000.00 |

## खर्चको प्रक्षेपण

| क्र.स. | खर्चको क्षेत्र | चालू तथा शसर्त | पूँजिगत | जम्मा |
|---|---|---|---|---|
| १ | गाउँपालिका | २०,९९,९४,०००।- | ११,४५,३६,०००।- | ३२,४५,३०,०००।- |
| | ***जम्मा*** | **२०,९९,९४,०००।-** | **११,४५,३६,०००।-** | **३२,४५,३०,०००।-** |

अन्त्यमा, यस आठराई त्रिवेणी गाउँपालिकाको आ.व. २०७६/७७ को बजेट तथा कार्यक्रम तर्जुमामा सहयोग पुर्‍याउनु हुने गाउँ सभाका सम्पूर्ण सदस्यहरु, कार्यपालिका, वडा समिति राजनैतिक दल, गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु आभार व्यक्त गर्दै बजेट तथा कार्यक्रम पारित गर्न सम्मानित गाउँसभालाई अनुरोध गर्दै सफल कार्यान्वयनको कामना गर्दछु ।

धन्यवाद !

प्रस्तुतकर्ता :
मञ्जु पौड्याल भट्टराई
उपाध्यक्ष
आठराई त्रिवेणी गाउँपालिकाको कार्यलय
हाङपाङ, ताप्लेजुङ
**मिति : २०७६/०३/१०**

| व्ययको प्रक्षेपण चालु खर्च तर्फ | | | | |
|---|---|---|---|---|
| १ | खर्च शीर्षक | खर्च संकेत | रकम | श्रोत |
| २ | कर्मचारी पारिश्रमिक | २११११ | १९९३९५५६ | राजश्व बाडफाँड |
| ३ | पदाधिकारीको अन्य सुविधा | २११४२ | ४१३९२०० | राजश्व बाडफाँड |
| ४ | पोशाक | २११२१ | ३९०००० | राजश्व बाडफाँड |
| ५ | स्थानीय भत्ता | २११३१ | १३२८८८० | राजश्व बाडफाँड |
| ६ | महंगी भत्ता | २११३२ | ९३६००० | राजश्व बाडफाँड |
| ७ | बैठक भत्ता | २११३४ | ३२०००० | राजश्व बाडफाँड |
| ८ | अन्य भत्ता | २११३९ | ३८१००० | राजश्व बाडफाँड |
| ९ | पदाधकारी बैठक भत्ता | २११४१ | १८००००० | राजश्व बाडफाँड |
| १० | कर्मचारी कल्याण कोष | २१२१४ | ९५०००० | आन्तरिक |
| ११ | पानी बिजुली | २२१११ | ८४००० | राजश्व बाडफाँड |
| १२ | घरभाडा | २८१४२ | ३३६००० | राजश्व बाडफाँड |
| १३ | सञ्चार महशुल | २२११२ | ४९८००० | राजश्व बाडफाँड |
| १४ | इन्धन पदाधिकारी | २२२११ | ४८०००० | राजश्व बाडफाँड |
| १५ | इन्धन (कार्यालय प्रयोजन) | २२२१२ | ५१४८०० | राजश्व बाडफाँड |
| १६ | सवारी साधन मर्मत खर्च | २२२१३ | १६००००० | राजश्व बाडफाँड |
| १७ | बिमा तथा नविकरण खर्च | २२२१४ | २००००० | राजश्व बाडफाँड |
| १८ | मेशिन औजार मर्मत सम्भार तथा संचालन खर्च | २२२२१ | २८०००० | राजश्व बाडफाँड |
| १९ | मसलन्द तथा कार्यालय सामग्री | २२३११ | २५००००० | राजश्व बाडफाँड |
| २० | इन्धन अन्य प्रयोजन | २२३१४ | ८०००० | राजश्व बाडफाँड |
| २१ | पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन खर्च | २२३१५ | ४००००० | राजश्व बाडफाँड |
| २२ | अन्य कार्यालय संचालन खर्च | २२३१९ | २००००० | राजश्व बाडफाँड |
| २३ | करार सेवा शुल्क | २२४१३ | १९६१५६० | राजश्व बाडफाँड |
| २४ | अन्य सेवा शुल्क | २२४१९ | ५५०००० | आन्तरिक |
| २५ | कर्मचारी तालिम खर्च | २२५११ | ३७४४००० | राजश्व बाडफाँड |

| | | | | |
|---|---|---|---|---|
| २६ | कार्यक्रम खर्च | २२५२२ | ६०७७००० | राजश्व बाडफाँड |
| २७ | कार्यक्रम खर्च | २२५२२ | २५३३००० | सवारीकर वाँडफाँड |
| २८ | कार्यक्रम खर्च | २२५२२ | २६९७००० | वित्तिय समानिकरण प्रदेश |
| २९ | अनुगमन मूल्याङकन खर्च | २२६११ | १५०००० | राजश्व बाडफाँड |
| ३० | भ्रमण खर्च | २२६१२ | १६६०००४ | राजश्व बाडफाँड |
| ३१ | विविध खर्च | २२७११ | २४००००० | राजश्व बाडफाँड |
| ३२ | औषधी खरिद | २७२१३ | ८००००० | वित्तिय समानिकरण प्रदेश |
| | जम्मा | | ५९९३०००० | |

| **राजश्व वाँडफाँड (कार्यक्रम खर्च)** (वजेट रू. ६०,७७,०००।) | | | |
|---|---|---|---|
| **चालु तर्फ** | | | |
| **क्र सं** | **विवरण** | **वडा नं.** | **रकम** |
| १ | सहकारी संस्था प्रवर्ध्दन, नियमन तथा प्रशिक्षण | **गा.पा.** | **300000** |
| २ | विपन्न नागरिक सहायता कार्यक्रम | **गा.पा.** | **750000** |
| ३ | मेलमिलाप कर्ताकालागि तालिम | **गा.पा.** | **300000** |
| ४ | गाउँपालिका स्तरीय परीक्षा व्यवस्थापन | **गा.पा.** | **500000** |
| ५ | स्थानीय उद्योग प्रोत्साहन कार्यक्रम | **गा.पा.** | **200000** |
| ६ | स्वयंसेविका प्रोत्साहन कार्यक्रम | **गा.पा.** | **438000** |
| ७ | जेष्ठनागरिक सम्मान कार्यक्रम (चाँगे धर्तिअमा कोष संस्था) | **गा.पा.** | **600000** |
| ८ | सुत्केरी आमा पोषिलो खाना कार्यक्रम | **गा.पा.** | **400000** |
| ९ | बाल क्लव प्रवर्ध्दन कार्यक्रम | **गा.पा.** | **200000** |
| १० | दिवसीय कार्यक्रम सञ्चालन | **गा.पा.** | **200000** |
| ११ | गरिव तथा जेहेन्दार विद्यार्थीहरूलाइ (SEE पछिको उच्च शिक्षाका लागि) प्राविधिक शिक्षा अध्यायनका लागि छात्रबृत्ति कार्यक्रम (प्रति विद्यार्थी रू. २०००० का दरले) | **गा.पा.** | **200000** |
| १२ | स्वास्थ्य शिविर सञ्चालन | **गा.पा.** | **800000** |
| १३ | पशु स्वास्थ्य शिविर तथा एन्टीरेविज भ्याक्सिन कार्यक्रम | **गा.पा.** | **200000** |
| १४ | खेलकुद प्रवर्ध्दन कार्यक्रम | **गा.पा.** | **989000** |

| | | | |
|---|---|---|---|
| जम्मा | | | 6077000 |

## सवारीकर वाँडफाँड (कार्यक्रम खर्च) (वजेट रू. २५,३३,०००।)

| क्र सं | विवरण | वडा नं. | रकम |
|---|---|---|---|
| १ | महिला अधिकार र कानून सम्बन्धी ३ दिने तालिम | गा.पा. | ८४८०० |
| २ | वालबिबाह बिरुद्धको कार्यक्रम १ दिने गोष्ठी | गा.पा. | १६८८०० |
| ३ | महिला पुरुष समविकास तालिम ३ दिने | गा.पा. | ८५७०० |
| ४ | सासू बुहारी अनतरक्रिया ३ दिने | गा.पा. | ८५७०० |
| ५ | महिला संस्था तथा समितिमा व्यवसायिक सिपमूलक तालिम | गा.पा. | २७८००० |
| ६ | महिला तथा अपाङ्गहरुलाई लोकसेवा तयारी कक्षा (सहायक चौथो र पाँचौ) | गा.पा. | ४१०००० |
| ७ | दिवसिय कार्यक्रमहरु पुरस्कार समेत (वाल दिवस, जेष्ठ नागरिक दिवस, अपाङ्ग दिवस, लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान, नारि दिबस) | गा.पा. | १५०००० |
| ८ | जेष्ठ नागरिक समिति गठन | गा.पा. | १५००० |
| ९ | जेष्ठ नागरिक सहित समरक्षकको अभिमुखिरण १ दिने गोष्ठी | गा.पा. | २०००० |
| १० | वालक्लव गठन र नियमन | गा.पा. | २०००० |
| ११ | वाल अधिकार, बाल यौन दुर्व्यवहार, वालश्रम र वाल दुर्वयसनि ३ दिने तालिम | गा.पा. | ८५००० |
| १२ | किशोरीहरूका लागि सीपमूलक कार्यक्रम | १ र २ | ४००००० |
| १३ | व्युटिपार्लर सम्बन्धी तालिम | ३ | २००००० |
| १४ | सिलाइकटाइ तालिम (डिप्लोमा) | ४ | २००००० |
| १५ | महिला सचेतना कार्यक्रम | ५ | २००००० |
| १६ | अल्पसंख्यक विद्यार्थीका शैक्षिक सामग्री वितरण कार्यक्रम | गा.पा. | १३०००० |
| | जम्मा | | २५३३००० |

## प्रदेश वितिय समानिकरण (कार्यक्रम खर्च) (वजेट रू. २६,९७,०००।)

| क्र सं | विवरण | वडा नं. | रकम |
|---|---|---|---|
| १ | महिला समूह शसक्तिकरण कार्यक्रम | गा.पा. | ७००००० |
| २ | एड्भान्स सिलाई कटाई तालिम | गा.पा. | ७००००० |
| ३ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | गा.पा. | १००००० |

| | | | |
|---|---|---|---|
| ४ | छुवाछुत मुक्त वडा घोषणा कार्यक्रम | ५ | १००००० |
| ५ | नौमति बाजाका लागि पोशाक | गा.पा. | १००००० |
| ६ | छुवाछुत सम्बन्धि एक दिने सचेतना कार्यक्रम | गा.पा. | २५०००० |
| ७ | विपन्न घरपरिवार खानेपानीका लागि प्लास्टिक टैङ्की वितरण | २ | २४७००० |
| ८ | उद्योषण, मध्यस्थता, दम्पति अनुशिक्षण कार्यक्रम | **२** | ५००००० |
| **जम्मा** | | | २६९७००० |
| **प्रदेश वित्तिय समानिकरण (औषधी खरीद) (वजेट रू. ८,००,०००।)** | | | |
| १ | औषधि खरिद | **गा.पा.** | ८००००० |
| **जम्मा** | | | ८००००० |

# आठराई त्रिवेणी गाउँपालिकाको कार्यालय हाङपाङ ताप्लेजुङ्ग

## व्ययको प्रक्षेपण

## संघीय सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदानबाट

| **पूँजीगत तर्फ (प्राप्त अनुदान रू. १०,१२,००,०००।)** | | | |
|---|---|---|---|
| **क्र सं** | **विवरण** | **वडा नं.** | रकम |
| १ | कन्टन्जेन्सी | **गा.पा.** | २५५०००० |
| २ | मर्मत संभार कोष | **गा.पा.** | १५००००० |
| ३ | विपत व्यवस्थापन कोष | **गा.पा.** | ५००००० |
| ४ | म्याचिङ फण्ड | **गा.पा.** | ७५००००० |
| ५ | वडाको बजेट | **गा.पा.** | ३६१००००० |
| ६ | विषयगत शाखाको भवन निर्माण | **३** | २०००००० |
| ७ | सरस्वति आ वि सोबुवा भवन निर्माण | **४** | ३०६५००० |
| ८ | विपन्न घरपरिवारको लागि फुसको छानो विस्थापित गर्न जस्तापाता वितरण | **गा.पा.** | २०००००० |
| ९ | महत्वपूर्ण सडक तथा अन्य संरचनाहरूको DPR निर्माण | **गा.पा.** | २०००००० |
| १० | आठराई त्रिवेणी मार्ग सोबुवाखोला खुवाखोला खण्ड मर्मत (क्रमागत) | **३** | ५०००००० |
| ११ | आठराई त्रिवेणी मार्ग चाँगे खण्ड बरङ्याङ तिरतिरे सडक मर्मत तथा ट्र्याक अपन (क्रमागत) (मर्मत ३२ लाख) | **५** | ८२००००० |
| १२ | विगोत पोखरीमा पर्यटन पुर्वाधार निर्माण | **१** | ९००००० |

| | | | |
|---|---|---|---|
| १३ | मुलचोक पाथिभरामा पर्यटन पुर्वाधार निर्माण | २ | ५०००००० |
| १४ | चुँवाखोला भकारी दहमा पर्यटन पुर्वाधार निर्माण | ३ | ५०००००० |
| १५ | तारेभिर गोर्जाटारमा पर्यटन पुर्वाधार निर्माण | ४ | ५०००००० |
